# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, माघ २० गते २०५४ साल (अतिरिक्ताङ्क ५६

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ र दफा ५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय कर फछ्र्यौट आयोग गठन गरी देहाय बमोजिमको काम कर्तव्य तोकेको छ ।

(क) आयोगको गठनः

१. श्री रमेशनाथ ढुंगेल — अध्यक्ष

२. श्री रामेश्वर खनाल, महालेखा नियन्त्रक कार्यालय — सदस्य

३. श्री महा-निर्देशक, करविभाग — सदस्य

(ख) आयोगको काम र कर्तव्यः

कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ५ अनुसार आयोगको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ ।

१. आर्थिक वर्ष २०४९।५० र सो भन्दा अघिका आर्थिक वर्षहरूमा कर कार्यालयहरूमा पेश भई कर निर्धारण हुन बाँकी रहेका आयकर तथा सम्पत्ति करका आय विवरणहरू फछ्र्यौट गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. राजश्व न्यायाधीकरण तथा कर विभागका महानिर्देशक समक्ष पुनरावेदन एवं निवेदन परी निर्णय हुन बाँकी रहेका मुद्दाहरूमा करदाताले आयोगबाट निर्णय गरी पाउन निवेदन पेश गरेमा र आयोगबाट स्वीकृति प्रदान भएमा त्यस्ता मुद्दाहरू फछ्र्यौट गर्ने।

३. आर्थिक वर्ष २०४९।५० र सो भन्दा अघिको कर निर्धारण आदेश उपर पुनरावेदन तथा निवेदन नपरेको र कर बुझाउने म्याद पनि गुज्रिसकेको भएमा त्यस्ता कर दाताको निवेदन परी आयोगले दोहोऱ्याई हेर्ने निर्णय गरेको आयकर तथा सम्पत्ति कर सम्बन्धी विवादहरू फछ्र्यौट गर्ने।

४. आर्थिक वर्ष २०४९।५० भन्दा पछिका आर्थिक वर्षहरूको हकमा आयकर तथा सम्पत्ति करको प्रशासन गर्ने कर कार्यालयहरूले आयोगबाट निर्णय हुनुपर्ने ठहऱ्याई आयोग समक्ष पेश गरेको आयकर तथा सम्पत्ति करका विवरणहरू फछ्र्यौट गर्ने।

(ग) कार्यावधि

आयोगको कार्यावधि यो सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिले १ वर्षको हुनेछ।

(घ) अन्य व्यवस्था

आयोगको अन्य व्यवस्था कर फछ्र्यौट आयोग ऐन, २०३३ बमोजिम हुनेछ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
१२२९